Regd. No.: 392/047/048

महिला पुनर्स्थापना केन्द्र (ओरेक)
Women's Rehabilitation Center (WOREC)

प्रेस विज्ञप्ती मिति २०७४/६/११

हिन्दूहरुको महान् चाड बडा दशैंको मुखमा देशैभरी बढिरहेको महिला हिंसा तथा महिला अधिकारकर्मीमाथि भएको दुर्व्यहारप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । सिरहा, बुटवल, बिरगंज तथा धनुषामा भएको भिन्न भिन्न महिला हिंसाका घटनाहरुमा संस्था तथा महिला मानव अधिकार रक्षकहरुको राष्ट्रिय संजालको गम्भीर ध्यानाकर्षण भएको हो ।

सिराहाको धनगढीमाई नगरपालिका वडा नं. २ भवानीपुरकी एक हिंसा प्रभावित महिलालाई २०७४ असोज ७ गते स्थानिय समुदायले गरेको दुर्व्यव्यहार तथा प्रभावितका दाजु भाउजु र बहिनीलाई घर निकालाको लागि दबाब दिएको, घर निकाला नगरे उनीहरुलाई समाजबाट बहिष्कार गर्ने समेत भनि धम्की दिएका छन् । सोही दिन देखि निजहरुलाई सार्वजनिक धारामा पानी भर्न दिइएको छैन । घरबाट बाहिर निस्कन दिइएको छैन । घटना भएको २ दिन सम्म पिडित परिवारले खाना खान नपाएको र सहयोग गर्ने सहयोगीहरुलाई समेत गाली गलौज गरिएको छ । यसै गरी यस घटनाको सत्य तथ्य अध्ययनका लागि स्थलगत अनुगमनमा २०७४ असोज ७ गते गएका सिराहाका मानव अधिकार तथा महिला मानव अधिकार रक्षकहरुको एक टोली माथि समेत बिभिन्न अपशब्द तथा दुर्व्यवहार गर्नुका साथै वहाँहरुले प्रयोग गर्नु भएको मोटर साइकल पन्चर गराई अनुगमन कार्यमा गरिएको अवरोधलाई हामी घोर भर्त्सना गर्दछौं ।

सामाजिक रुपमा हिंसा प्रभावितलाई माया तथा सहयोग गर्नुको सट्टा पिडितलाई थप पिडा दिने घर निकाला गर्ने तथा सामजिक बहिष्कार गर्ने कार्यले व्यक्तिको स्वतन्त्र जिवनयापन र खाद्य अधिकारको उलंघन भएको छ । यस किसिमको अमानबिय व्यवहारको घोर बिरोध गर्दै पिडित महिला तिनका परिवार तथा अधिकारकर्मीहरु माथि भएको दुर्व्यव्यहार बिरुद्ध पिडकलाई कार्वाही तथा पिडितको न्यायका लागि ध्यानाकर्षण गराउन चाहन्छौं ।

यता, सिराहामै एक श्रीमान्ले गर्भवती श्रीमतीलाई करेन्ट लगाई हत्या गरेका छन् । धनुषामा पनि छिमेकी पुरुषले एक महिलालाई कुटेर हत्या गरि फरार भएका छन् । यस्तै बुटवलमा एक महिला श्रीमान्बाट निर्घात पिटिएकी छन् जो हाल अचेत अवस्थामा छिन् । बिरगंजमा अधिकारकर्मी महिला बोक्सीको आरोपमा कुटपिट भई आइसियूमा उपचाररत छिन् । यी घटनाहरु यो हप्ता भित्र घटेका केहि प्रतिनिधि मूलक घटना हुन् जो सामाजिक संजालका माध्यमबाट बाहिर आएका छन् । आखिर कहिले सम्म यो अवस्था ? महिला माथि भएका यस्ता घटनाहरुलाई पारिवारिक तथा सामाजिक मामिला भन्ने परिवार तथा समाज बिखण्डन हुन्छ भनी पटक पटक राज्यका जिम्मेवार निकायहरुबाट मिलापत्र गरि फर्काइने, बिभिन्न प्रभावमा परि बेवस्ता गरिरहने कारण पनि यस्ता घटनाहरु घट्ने क्रम बढ्दो अवस्थामा छ । यस्तै भइरहने हो भने देशमा अपराध नियन्त्रण गर्न बनेका बिभिन्न कानून, ऐन तथा नियमावलीको औचित्य के रहला ?

यसैले हामी मानव अधिकर, महिला अधिकारको क्षेत्रमा अभियानरत संस्था तथा संजालहरु हाम्रा देशका राज्य संचालकहरुसँग यस बिज्ञप्ती मार्फत महिलाको हिंसा मुक्त भई बाँच्न पाउने मानव अधिकारको संरक्षण, सम्बर्द्धन तथा सुनिश्चितताका लागि हार्दिक अनुरोध गर्दै यी घटनाहरुका पिडकलाई कानूनी कार्वाही तथा पिडितको न्याय प्राप्तिका लागि जोडदार माग गर्दछौं ।

अभिराम राय

कार्यक्रम निर्देशक

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu , Nepal Tel: (977)-01-2123124; (977)-01-5006373; (977)-01-5006374 Fax: (977)-01-5006271 Email : ics@worecnepal.org URL : www.worecnepal.org